श्रीमान् प्रबन्ध निर्देशक ज्यू,
पतंजलि आयुर्वेद केन्द्र प्रा.लि.
स्वयम्भू, काठमाण्डौ ।

मिति: …………

**बिषय: आरोग्यकेन्द्र संचालनको स्वीकृति सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा त्यस कम्पनीको नियम तथा नीति निर्देशनको अधिनमा रही निम्न स्थानमा आरोग्यकेन्द्र स्थापना गरी संचालन गर्ने इच्छा भएकाले संचालनको अनुमति दिनहुन यो निबेदन पेश गर्दछु ।

| | | | |
|---|---|---|---|
| **आवेदनकर्ताको नाम:** | | **पिता/पतिको नाम:** | |
| **फर्म/कम्पनीको नाम:** | | **पान नं.:** | |
| **प्रोपराइटर/सञ्चालकको नाम:** | | **ठेगाना:** | |
| **इमेल:** | | **सम्पर्क नं.:** | |
| **आरोग्यकेन्द सञ्चालन गर्ने स्थान:** | | **प्रदेश:** | |
| **म.न.पा./न.पा./गा.पा.:** | **वडा नं.:** | **जिल्ला:** | **अञ्चल:** |

१. के आवेदक/सञ्चालकले कुनै व्यवसाय गर्नुहुन्छ ? हुन्छ भने त्यो व्यवसायको विवरण:

…………………………………………………………………………………………………………………

२. प्रस्तावीत स्थान बाट नजिक रहेको आरोग्यकेन्द्र, सेवाकेन्द्रको विवरण:

| **क्र.सं.** | **नजिक रहेको आरोग्यकेन्द्र, सेवाकेन्द्र** | **सञ्चालन भएको स्थान:** | **दूरी (मिटर)** |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

३. प्रस्तावीत पसलको क्षेत्रफल: लम्बाई(L) …………Ft. चौडाई(W)…………Ft.= ………… Sq.Ft.(Minimun ………. Sq.Ft.)

४. आरोग्यकेन्द सञ्चालन गर्नलागेको स्थानको अनुमानीत जनसंख्या …………अनुमानीत लगानी रु.…………

५. निवेदकको स्वयं वा परिवार/नातागोताको नाममा पतंजलिको केन्द्र छ भने
सेवाकेन्द्र …………… आरोग्यकेन्द्र ………….. वितरक ……………….

६. यदि तपाईं कुनै राजनैतिक/सामाजिक/धार्मिक संस्थान सँग जोडिनु भएको छ भने विवरण: ………………

७. निवेदक स्वयं वा परिवार/नातागोता कोही सदस्य पतंजलिमा कार्यरत हुनुहुन्छ भने विवरण:

…………………………………………………………………………………………………………………

८. के तँपाई पहिला देखिनै पतंजलिमा जोडीनु भएको छ ? छ भने कुन रुपमा: (कार्यकर्ता, योग शिक्षक, योग विस्तारक, आजीवन सदस्य वा अन्य)……………………………………………………………………

**प्रस्तावकको नाम: ……………………………………………. सम्पर्क नं. ……………………………………**

…………………… ………………………… ……………………

निवेदकको हस्ताक्षर
मिति:………………

प्रशासन विभाग
पतंजलि आयुर्वेद केन्द्र प्रा.लि.

अधिकृत हस्ताक्षर
पतंजलि आयुर्वेद केन्द्र प्रा.लि.

# आरोग्यकेन्द्र सञ्चालनको लागि आवश्यक दस्तावेज र नियमहरु :

दिब्य योग मन्दिर ट्रष्ट कनखल, हरिद्वार, भारत द्वरा संचालित पतंजलि आयुर्वेद लिमिटेड एवं दिब्य फार्मेसी एवं अन्य अनुमोदीत सम्पूर्ण उत्पादनहरुको (आयुर्वेद औषधीहरु, उपभोग्य तथा सौन्दर्य प्रशाधनका वस्तुहरु, भि.सी.डि., क्यासेट्स, पुस्तक तथा साहित्य आदिसमेत) र पतंजलि आयुर्वेद प्रा.लि. बारा, नेपाल बाट उत्पादीत वस्तुहरुको नेपालको लागि **पतंजलि आयुर्वेद केन्द्र प्रा.लि.** एक मात्र अधिकृत वितरक (Sole Distributor) भएको हुँदा उक्त ट्रष्ट र नेपाल बाट संचालित कम्पनीद्वारा उत्पादित पतंजलि ब्राण्डका वस्तुहरु बिक्री वितरण, मार्केटिङ गर्ने उद्देश्यले आरोग्यकेन्द्र संचालन गर्नुपर्ने छ । आरोग्यकेन्द्र संचालन नेपाल सरकारको प्रचलित नियम कानुन, पतंजलि आयुर्वेद केन्द्र प्रा.लि. र उत्पादक कम्पनीको नीति निर्देशन तथा नियमको अधिनमा रहेर संचालन गर्नुपर्ने छ ।

**१. आरोग्यकेन्द्र स्वीकृतिका लागि र स्वीकृत भएपछि चाहिने आवश्यक कागजपत्रहरु:**

| | |
|---|---|
| १. | आरोग्यकेन्द्र सञ्चालन स्वीकृतीको लागि निबेदन । |
| २. | फर्म/कम्पनी दर्ता तथा कर दर्ता प्रमाण पत्रको प्रतिलिपी । |
| ३. | कम्पनीको प्रबन्ध पत्र तथा नियमावलीको प्रतिलिपी । |
| ४ | नगरपालिका/वडा कार्यालयमा व्यवसाय दर्ताको प्रतिलिपी । |
| ५. | संचालकको नागरिक्ता वा पासपोर्टको प्रमाणीत प्रतिलिपी, पासपोर्ट साइजको फोटो २प्रति । |
| ६. | नगद धरौटी बापत रु.................../– वा सो बरावरको बैंक ग्यारेन्टी । |
| ७. | सेक्युरीटी चेक धरौटी वापत रु. ...............को यस पतंजलि आयुर्वेद केन्द्र प्रा.लि.को नाममा फर्म/कम्पनीको एकाउन्ट पेई चेक पेश गर्नुपर्ने छ । |
| ८. | आरोग्यकेन्द्र स्वीकृत भएपछि सम्झौता गर्न आउँदा कम्पनीको छाप सँगै लिएर आउनुहोला । |
| ९. | आरोग्यकेन्द स्वीकृत भएपछि शेरुम र गोदामको फोटो र क्षेत्रफलको विवरण । |
| १०. | आरोग्यकेन्द स्वीकृत आवश्यक परेको खण्डमा अन्य सम्बन्धित निकायबाट आरोग्यकेन्द्र संचालन सम्बन्धि स्वीकृति पत्रको प्रतिलिपी । |
| ११. | पतंजलि आयुर्वेद प्रा.लि. ले उपलब्ध गराउने विलिङ्ग सफट्वेयर र समृद्धि कार्ड प्रयोगको निम्ती दिइने POS Billing Machine को लागि बैंकमा जम्मा गर्नुपर्ने धरौटी रकम नेपाली रु............../– जम्मा गरेको भौचरको प्रतिलिपी पेश गर्नुपर्ने छ । यो धरौटी रकम कम्तीमा दुई वर्ष आरोग्यकेन्द्र वा सेवाकेन्द्र सञ्चालन गरेमा फिर्ता हुनेछ (व्यवसाय बन्द गर्ने समयमा) अन्यथा उक्त धरौटी रकम फिर्ता हुनेछैन । |

**२. आरोग्यकेन्द्रको स्वीकृति प्राप्त भए पछि संचालनका लागि आवश्यक पर्ने कागजातहरु :**

(क) आरोग्यकेन्द्र वा उप-केन्द्र संचालन सम्बन्धमा पतंजली आयुर्वेद केन्द्रसँगको सम्झौता ।

**३. आरोग्यकेन्द्र संचालनका लागि आवश्यक पूर्वाधारहरु::**

(क) वस्तुहरु राख्न र बिक्री गर्नको लागि पसलमा प्रयाप्त ठाँउको व्यवस्था हुनुपर्ने ।

(ख) प्रथम विलिङ्ग कम्तीमा रु.................. /– देखि माथि लगानी गर्नुपर्ने छ ।

(ग) गोदाम सम्म डेलीभरी भ्यान, ट्रक आदि आवत जावत गर्ने सुविधा भएको ।

**४. आरोग्यकेन्द्र र संचालकको काम, कर्तब्य र अधिकार:**

(क) आरोग्यकेन्द्र नेपाल सरकारको प्रचलित नियम कानुन बमोजीम स्थापीत भएको फर्म/कम्पनी भएको हुनाले नेपाल सरकारको प्रचलित नियम कानुन भित्र रहेर व्यवसाय सञ्चालन गर्नुपर्ने छ साथै पतंजलि आयुर्वेद केन्द्र प्रा.लि.ले उपलब्ध गराएको पतंजलि ब्राण्डका उपभोग्य तथा सौन्दर्य प्रशाधनका वस्तुहरु, पुस्तक, आदि आरोग्यकेन्द्रलाई तोकी दिएको बजार क्षेत्र भित्र खुद्रा बिक्री बितरण गर्ने ।

(ख) पतंजलि ब्राण्डका वस्तुहरु उत्पादक कम्पनी र पतंजलि आयुर्वेद केन्द्र प्रा.लि.ले तोकी दिएको मापदण्डको अधिनमा रही वस्तुहरु बिक्री बितरण गर्ने गराउने साथै उत्पादक कम्पनीहरुको ख्यातिमा असर नपर्ने गरी स्तरिय रुपले आरोग्यकेन्द्र संचालन गर्ने गराउने ।

(ग) आरोग्यकेन्द्रले पतंजलि ब्राण्ड बाहेक अन्य संस्था वा कम्पनीको उपभोग्य तथा सौन्दर्य प्रशाधनका वस्तुहरु, पुस्तकहरु आदि समेत बिक्री बितरण गर्न वा उत्पादन वा नक्कली उत्पादन गर्न पाउने छैन ।

(घ) आरोग्यकेन्द्र सेवा भावनाले संचालन गर्नुपर्ने छ । बैंक ग्यारेन्टी को प्रकृयामा यदि केही समय लाग्ने भएमा अग्रिम नगद भुक्तानी बाट पनि कारोबार गर्न सकिने छ ।

(ङ) आरोग्यकेन्द्रले खरिद आदेश पठाए बमोजीम यस केन्द्रले डेलभरी गरेको सामान तहाँ बिक्री बितरण गर्न नसकी म्याद समाप्त भएमा वा सहि तरिकाले सामान भण्डारण नगर्नाले ड्यामेज भएमा उक्त सामानहरु फिर्ता लिइने छैन् ।

(च) यस केन्द्रले आरोग्यकेन्द्रलाई सामान निशुल्क डेलिभरी गर्दछ । तर लोकल ढुवानी खर्च, अनलोडीङ्ग र सामान फिर्तागर्दा लाग्ने ढुवानी खर्चको हकमा भने आरोग्यकेन्द्र स्वयमले व्यहोर्नु पर्ने छ । साथै यस केन्द्रले विक्री गरेको वस्तु आरोग्यकेन्द्र समक्ष पुऱ्याएपछि आरोग्यकेन्द्रले त्यस्तो वस्तु केन्द्रले जारी गरेको विजक अनुसार भए नभएको जाँची यकीन गरी बस्तु बुझिलिनु पर्दछ । ट्रान्सपोर्ट बिल्टीमा सामान बुझिलिएको भनि हस्ताक्षर, नाम र कम्पनीको छाप समेत लगाई भरपाई गरी आफुसँग एक प्रति राखी र ट्रान्सपोर्टलाई एक प्रति बुझाउनु पर्ने छ । यसरी निशुल्क डेलिभरीको लागि कम्तीमा ५० कार्टुन अडर हुनुपर्ने छ । निशुल्क डेलिभरी सेवा पहाडी क्षेत्रमा आपसी समझदारी बमोजीमा हुनेछ ।

(छ) सेवाकेन्द्रले उत्पादक कम्पनी पतंजलि आयर्वेद प्रा.लि. बाट उपलब्ध गराउने विलिङ्ग सफ्टवेयर कर कार्यालयबाट विद्युतिय विजक जारी गर्न स्वीकृति लिने ।

(ज) उत्पादक कम्पनी पतंजलि आयुर्वेद लिमिटेड, भारतको अवधारणामा पतंजलिले नेपालमा एक स्वदेशी समृद्धि कार्ड लन्च गरेको छ । जुन एउटा Loyalty cum Payment Program हो र यो इन्टरनेट मा आधारीत रहेर चल्नेछ र उपभोक्ताहरुको हितमा रहेको छ । यसको लागि Loyalty cum Payment Program को सुविधा र फाईदाबारे उपभोताहरुलाई जानकारी गराउने, बढी भन्दा बढी समृद्धिकार्ड मार्फत सदस्यहरु बनाई यस कार्यक्रममा आवद्ध गराउने र समृद्धिकार्डको प्रयोगमा सहयोगीको भुमिका निर्वाहा गर्ने आदि ।

(झ) स्वदेशी समृद्धि कार्ड मार्फत चल्ने Loyalty cum Payment Program को लागि चाहिने आवश्यक उपकरणहरु उत्पादक कम्पनीको तर्फबाट यस केन्द्रले उपलब्ध गराउने छ र सोको कार्यन्वयनको लागि आवश्यक शर्त र नियमहरुको पालना गर्ने ।

(ञ) यसमा उल्लेखित शर्त तथा कर्तब्य आरोग्यकेन्द्रले पालन नगरेमा वा आरोग्यकेन्द्र संचालनको लागि दिएको निवेदन स्वीकृत भएको मितिले ३५दिन भित्र सम्म संचालन नभएमा आरोग्यकेन्द्र स्वतः खारेज हुनेछ ।

(ट) विस्तृत शर्त तथा नियमावलीहरु र आरोग्यकेन्द्रको दायीत्व सम्झौता पत्र मा उल्लेख गरिएको छ र सोहि बमोजिम लागु हुनेछन् ।

**उपरोक्त उल्लेखित शर्त तथा नियमहरु पालन गरी आरोग्यकेन्द्र संचालन गर्न मञ्जुरी छ भनि दस्तखत गर्नेः**

**सञ्चालक** : ................................................... **दस्तखतः** ..............................

**फर्म/कम्पनी** : .................................................. **ठेगानाः** .................................

**सम्पर्क नं.** : .................................... **कम्पनी छापः** ..........................**मितिः** ..................

# सम्झौता पत्र

लिखितम् कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा प्रा.लि.नं.४२६९१/०६३/०६४ मिति २०६३।८।१५ मा दर्ता भई काठमाण्डौ जिल्ला, का.म.न.पा., वडा नं.१५ स्वतन्त्र मार्ग, स्वयम्भू, काठमाण्डौमा रजिष्टर्ड कार्यालय रहेको **पतंजलि आयुर्वेद केन्द्र प्रा.लि.(जसलाई यस पछि यस लिखतमा प्रथम् पक्ष/बिक्रेता भनिएको छ)**

**र**

.............................. जिल्ला, ............................................. म.न.पा./उप.म.न.पा./न.पा./गा.पा., ..........नं. वडा, .............................................................. मा रजिष्टर्ड कार्यालय रहेको .................................................................................. **(जसलाई यस पछि यस लिखतमा दोश्रो पक्ष/आरोग्यकेन्द्र भनिएको छ)**

**जहाँसम्म,**

(क) प्रथम पक्ष, दिव्य योग मन्दिर ट्रष्ट कनखल, हरिद्वार, भारत द्वरा संचालित पतंजलि आयुर्वेद लिमिटेड एवं दिव्य फार्मेसी एवं अन्य अनुमोदीत सम्पूर्ण उत्पादनहरुको (आयुर्वेद औषधीहरु, उपभोग्य तथा सौन्दर्य प्रशाधनका वस्तुहरु, भि.सी.डि., क्यासेट्स, पुस्तक तथा साहित्य आदिसमेत) र पतंजलि आयुर्वेद प्रा.लि. बारा, नेपाल बाट उत्पादीत वस्तुहरुको नेपालको लागि **पतंजलि आयुर्वेद केन्द्र प्रा.लि.** एक मात्र अधिकृत वितरक (Sole Distributor) हो ।

(ख) उत्पादक कम्पनी पतंजलि आयुर्वेद लिमिटेड, भारतको अवधारणामा पतंजलिले नेपालमा एक स्वदेशी समृद्धि कार्ड लन्च गरेको छ । जुन एउटा Loyalty cum Payment Program हो र यो इन्टरनेट मा आधारीत रहेर चल्नेछ र उपभोक्ताहरुको हितमा रहेको छ । यसको लागि Loyalty cum Payment Program को सुविधा र फाईदाबारे उपभ्होताहरुलाई जानकारी गराउने, बढी भन्दा बढी समृद्धिकार्ड मार्फत सदस्यहरु बनाई यस कार्यक्रममा आवद्ध गराउने र समृद्धिकार्डको प्रयोगमा सहयोगीको भुमिका निर्वाहा गर्ने आदि । यो पनि यस सम्झौता पत्रको एउटा विषय वस्तु हुनेछ ।

(ग) आरोग्यकेन्द्रले Swadeshi Samriddhi Card(Loyalty Program) कार्यन्वयन गर्ने शर्तहरु र नियमहरु Memorandum of Understanding (MOU) बमोजीम हुनेछ । उक्त (MOU) पनि यो सम्झौताको एउटा अंश हुनेछ र शर्तहरु र नियमहरु पालना गर्न इच्छुक भई यो सम्झौता पत्र अनुसार कार्य गर्न सहमत गर्दछ ।

(घ) आरोग्यकेन्द्र एउटा Exclusive Store हुनुपर्दछ । जसले प्रथम पक्षको माध्यमबाट पतंजलि आयुर्वेद लिमिटेड, भारत, दिव्य फार्मेसी, भारत र पतंजलि आयुर्वेद प्रा.लि. नेपाल आदि बाट Manufactured/Marketed/ Packed/ and Approved वस्तुहरुको खरिद गरि खुद्रा विक्री वितरण गर्नुपर्ने छ ।

(ङ) यस सम्झौतामा संलग्न गरिएका कुनै पनि परिशिष्टले पक्षहरुबीच कानुनी दायित्व सृजना गर्ने गरी सम्झौताको अंग र अंश हुने छ ।

को बिचमा उपरोक्त कार्यहरु गर्नको लागि हामी दुवै पक्षको आपसी समझदारीमा निम्न शर्तहरुको अधिनमा रहने गरी दुबै पक्षको सहमति मञ्जुरीले यो करारनामा (सम्झौता) लेखि निम्न लिखित साक्षीहरुको रोहवरमा सहिछापसमेत गरी परस्पर एक–एक प्रति दियौं लियौ । मुकम प्रथम् पक्षकै कार्यकक्ष हो ।

## शर्त तथा नियमावलीहरुः

| | | |
|---|---|---|
| १. | **सम्फौताको अवधि** | (बि.सं. ............................) बाट शुरु हुने गरी यो नियुक्ति प्रारम्भ हुने छ, र १(एक) वर्षको अवधिका लागि निरन्तर लागू हुने छ। त्यसपछि बिक्रीको मूल्य र गुणस्तरका आधारमा कम्पनीका आधिकारिक प्रतिनिधिबाट समुचित पुनर्मूल्यांकन पश्चात् प्रथम पक्षको एकल स्वविवेकमा नवीकरण हुने छ। |
| २. | **नियुक्तिको क्षेत्र** | दोश्रो पक्ष आरोग्यकेन्द्रको रुपमा नियुक्ति भएपछि प्रथम पक्षले उपलब्ध गराएको वस्तु तथा सेवाहरुको बिक्री वितरणमा सीमित रहने छ। आरोग्यकेन्द्रले प्रथम पक्षबाट लिखित स्वीकृति प्राप्त गरेपछि मात्र प्रथम पक्षका अन्य केन्द्र तथा उपकेन्द्रहरुमा पतंजलिका वस्तु तथा सेवाहरुको बिक्री गर्न सक्नेछ। |
| ३. | **बजार क्षेत्र** | दोश्रो पक्षले .......................जिल्ला, ............................................ म.न.पा./उप.म.न.पा./न.पा./गा.पा. ...... नं.वडा ............................. टोल मा सञ्चालन गर्नुपर्नेछ। आफ्नो आरोग्यकेन्द्र रहेको स्थानबाट वरीपरीको .....................मि./कि.मि. भित्र मात्र कारोवार गर्न पाउने छ। यस दफामा उल्लेख गरिएको बजार क्षेत्र भन्दा बाहिर दोश्रो पक्षले काम कारोवार गर्न पाउने छैन। |
| ४. | **ब्राण्ड तथा उत्पादनका बस्तु** | उत्पादनको सूचीलाई अलग परिशिष्टमा यसै सम्फौतामा संलग्न गरी उपलब्ध गराइने छ। प्रथम पक्षले वस्तुहरुको सूची समय–समयमा अद्यावधीक गरि उपलब्ध गराउने छ। |
| ५. | **खरिद आदेश दिने** | क) आरोग्यकेन्द्रले प्रथम पक्षका प्रतिनिधिलाई वा प्रथम पक्षलाई सीधै औपचारिक लिखित र इमेलबाट साथै Online B-POS billing Software बाट आफ्नो आवश्यकता अनुसार खरिद आदेश दिनेछ। यसरी खरिद आदेश दिंदा कम्तीमा एक वस्तुको एक कार्टुन/बक्स/फोला/बोरा दिनुपर्ने छ। सो प्राप्त भएपछि सामानहरुको उपलब्धता बमोजिम प्रथम पक्षले त्यसो गर्ने कुनै कानुनी दायित्व अन्तर्गत नरही प्रथम पक्षले स्वविवेक र उपयुक्त समयमा आदेश कार्यान्वयन गर्ने छ।<br><br>ख) कुनै आदेश स्वीकार गरेको खण्डमा प्रथम पक्षले यस्तो ढुवानीको साधनबाट उपयुक्त खेप वा मात्रामा उत्पादन हस्तान्तरण गर्न सक्ने छ। प्रथम पक्षले आफ्नो गोदामबाट आरोग्यकेन्द्रको गोदामसम्म पुर्‍याइदिएको मालसामानको सबै ढुवानी र बाटोको बीमा खर्च भुक्तानी बहन गर्ने र व्यहोर्ने छ। तर लोकल ढुवानी खर्च, अनलोडीङ्ग र सामान फिर्तागर्दा लाग्ने ढुवानी खर्चको हकमा भने आरोग्यकेन्द्र स्वयंले व्यहोर्नु पर्ने छ। साथै आरोग्यकेन्द्रले वस्तु प्राप्त गरेपछि प्रथम पक्षले जारी गरेको विजक अनुसार भए नभएको जाँची यकीन गरी बस्तु बुफिलिनु पर्दछ। ट्रान्सपोर्ट बिल्टीमा सामान बुफिलिएको भनि हस्ताक्षर, नाम र कम्पनीको छाप समेत लगाई भरपाई गरी आफुसँग एक प्रति राखी र ट्रान्सपोर्टलाई एक प्रति बुफाउनु पर्ने छ।<br><br>ग) आरोग्यकेन्द्रले आफ्नै खर्चमा उपयुक्त स्थानमा गोदाम र भण्डारण स्थापना र सञ्चालन गर्ने छ। निशुल्क डेलिभरीको लागि कम्तीमा ५० कार्टुन अडर |

| | | |
|---|---|---|
| | | हुनुपर्ने छ। निशुल्क डेलिभरी सेवा पहाडी क्षेत्रमा आपसी समझदारी बमोजीम हुनेछ।<br><br>घ) प्रथम विलिङ्ग कम्तीमा रु..................देखि माथि मुल्यको हुनुपर्ने छ। |
| ६. | **विलिङ्ग सफट्वेयर र (Loyalty Cum Payment Program)** | क) नेपालको उत्पादक कम्पनी पतंजलि आयुर्वेद केन्द्र प्रा.लि. ले उपलब्ध गराउने B-POS Billling Software आरोग्यकेन्द्रले सम्वन्धीत निकायबाट विलिङ्गको स्वीकृति लिएर प्रयोग गर्नुपर्ने छ। पतंजलिले उपभोक्ताहरुको लागि Loyalty Cum Payment Program सञ्चालन गर्ने हुँदा उक्त कार्यक्रम लागू गर्नको लागि आरोग्यकेन्द्रले पतंजलिले उपलब्ध गराउने B-POS Billling Software को प्रयोगको अतिरिक्त आवश्यक पर्ने उपकरणहरुको व्यवस्थापन र कार्यन्वयनको लागि यो सम्झौतामा संलग्न गरिएको Memorandum of Understanding (MOU) बमोजीम हुनेछ।<br><br>ख) उत्पादक कम्पनी पतंजलि आयुर्वेद लिमिटेड, भारतको अवधारणामा पतंजलिले नेपालमा एक स्वदेशी समृद्धि कार्ड लन्च गरेको छ। जुन एउटा Loyalty cum Payment Program हो र यो इन्टरनेट मा आधारीत रहेर चल्नेछ र उपभोक्ताहरुको हितमा रहेको छ। यसको लागि Loyalty cum Payment Program को सुविधा र फाईदाबारे उपभ्कोताहरुलाई जानकारी गराउने, बढी भन्दा बढी समृद्धिकार्ड मार्फत सदस्यहरु बनाई यस कार्यक्रममा आवद्ध गराउने र समृद्धिकार्डको प्रयोगमा सहयोगीको भुमिका निर्वाहा गर्ने आदि |
| ७. | **धरौटी रकम र बैंक प्रत्याभूति** | क) आरोग्यकेन्द्रले प्रथम पक्षको कम्पनीको तोकिएको बैंक खातामा धरौटी वापत ने.रु. ..................... को निर्व्याजी सुरक्षण मौज्दात राख्ने छ, र यस्तो मौज्दात अन्तिम फरफारखका समयमा प्राप्त गर्नुपर्ने र भुक्तानीयोग्य समायोजन पश्चात् फिर्ता भुक्तानी योग्य हुने छ।<br><br>ख) आरोग्यकेन्द्रले प्रथम पक्षको कम्पनीको **पतंजलि आयुर्वेद केन्द्र प्रा.लि.** को नाउँमा सुरक्षण वापत दुवै पक्षको आपसी सम्झदारीमा तय गरिएको रकम बराबरको एकाउन्ट पेई चेक जम्मा गर्नुपर्ने छ।<br><br>ग) बुँदा नं(क)र(ख) अनुसारको सुरक्षण मौज्दात, आरोग्यकेन्द्रले सम्झौताको कुनै शर्त वा बन्देजको उल्लंघन गरेको खण्डमा प्रथम पक्षले कारण देखाऊको लिखित वा विद्युतिय (इमेल, एसएमएस आदि) माध्यम बाट सूचना दिएर सम्पूर्ण सुरक्षण मौज्दात बाट आफ्नो हिसाब मिलान गर्नुको साथै पुरै सुरक्षण मौज्दात जफत समेत गर्ने छ, र यसरी गरिएका नियुक्ति प्रमाणपत्र र सम्झौतालाई रद्द भए सरह व्यवहार गरिने छ।<br><br>घ) आरोग्यकेन्द्र मार्फत व्यवसाय गर्नको लागि प्रथम पक्ष र आरोग्यकेन्द्र दुवैको आपसी सम्झदारीमा तय गरिएको रकम बराबरको प्रथम पक्षको नाममा एउटा बैंक प्रत्याभूति उपलब्ध गराउने छ। बैंक प्रत्याभूति **पतंजलि आयुर्वेद केन्द्र प्रा.लि.**, स्वयम्भू, काठमाण्डौ, नेपालको पक्षमा हुने छ। |
| ८. | **भुक्तानीका शर्तहरु** | क) बैंक प्रत्याभूतिको सीमा वापत सामान चलानी गरिने छ। ऋण(क्रेडिट) अवधिको अधिकतम हदम्याद २५ दिनको हुने छ। तर यो सुविधा बाध्यत्मक |

| | | |
|---|---|---|
| | | हुनेछैन् । यदि २५ दिनभित्रमा भुक्तानी प्राप्त नभएको खण्डमा बिल मूल्यमा प्रति वर्ष नेपालको प्रचलित कानुनबमोजीमको दरमा व्याज लिइने छ ।<br><br>ख) बैंक ग्यारेन्टी को प्रकृयामा यदि केही समय लाग्ने भएमा अग्रिम नगद भुक्तानी बाट पनि कारोबार गर्न सकिने छ ।<br><br>ग) यदि एक महिनाभित्रमा भुक्तानी प्राप्त नभएको खण्डमा बैंक प्रत्याभूति खारेज गर्न सकिने छ र आरोग्यकेन्द्रलाई निलम्वन गर्न सकिने छ । |
| ९. | **गोदाम/भण्डारण** | क) आरोग्यकेन्द्रले प्रथम पक्षबाट खरीद गरिएका सम्पूर्ण मालसामानहरु प्राप्त गर्ने, ग्रहण गर्ने र उचित तवरले भण्डारण गर्ने र उत्पादक र प्रथम पक्षको नीति अनुरुप बिक्री गर्ने प्रबन्ध गर्ने छ ।<br><br>ख) बस्तुको निर्वाध आपूर्तिलाई सुनिश्चित गर्न आरोग्यकेन्द्रले समय–समयमा तयारी वस्तुको न्यनतम् स्तर कायम राख्नु पर्ने छ । बिक्रीका पूर्वाधारसम्बन्धी आवश्यकताहरु जस्तै सवारी साधन, बैंक प्रत्याभूति, बिक्री टोली, गोदाम, पसलको बोर्ड, सजावट र अन्य आवश्यक व्यवस्था आरोग्यकेन्द्र स्वयंले आफ्नै खर्चमा गर्नुपर्ने छ । तर पसलको बोर्ड प्रथम पक्षले तोकि दिएको डिजाइनमा गर्नुपर्ने छ । |
| १०. | **बिल तथा मार्जिन** | क) आरोग्यकेन्द्र नियुक्तिको समयमा प्रथम पक्षले वस्तुहरुको मुल्य र मार्जिनको विवरण उपलब्ध गराउने छ ।<br><br>ख) आरोग्यकेन्द्रलाई विजक जारी गरेको मितिमा प्रचलित कानुन बमोजीम वस्तु तथा सेवाको मूल्यमा लाग्ने राजस्व, भ्याट र अन्य राजस्वहरु, कर वा लेभी बिलको मूल्यमा समावेश हुने छ । प्रचलित कानुनका राजस्व, कर वा लेभीमा हुने परिवर्तन अनुरुप बिलको मूल्य र दर रेट फरक पर्ने छ ।<br><br>ग) उत्पादक कम्पनी र प्रथम पक्षले वस्तु तथा सेवामा दिने मार्जिन विना पूर्व सुचना दिई समय–समयमा परिमार्जन वा हेरफेर गर्ने अधिकार प्रथम पक्षलाई हुने छ । |
| ११. | **वस्तुको ड्यामेज र म्याद सकिएको सम्बन्धी नीति** | क) प्रथम पक्षबाट सामान डेलिभरी हुँदा कुनै सामान विक्री गर्न नमिल्ने गरी क्षति भयो भने आरोग्यकेन्द्रले ढुवानी बाट सामान बुझिलिँदाको बखतमा नै बिल्टीमा क्षती भएको वस्तुको विवरण सहित उल्लेख गरि ढुवानीकर्ताको समेत नाम, हस्ताक्षर र सम्पर्क नं समेत राखी र लिखित पत्र मार्फत प्रथम पक्षलाई जानकारी गराउनुपर्दछ। सो कुराको जाँच गरि उक्त वस्तुहरुको क्षतिपुर्ति दिइने छ ।<br><br>ख) उपयुक्त भण्डारण व्यवस्थापन प्रणाली कायम नराखेको कारणबाट आरोग्यकेन्द्रको पसल र गोदाममा विक्री गर्न नमिल्ने गरी क्षती भएको कुनै पनि वस्तुको क्षतिलाई सहन गरिने छैन ।<br><br>ग) आरोग्यकेन्द्रले खरिद आदेश गरे बमोजीम कुनै सामान उक्त सामानको उपयोग मिति भित्र विक्री वितरण गर्न नसकीने अवस्था भएमा प्रथम पक्षलाई तुरुन्त सामानको विवरण सहित जानकारी दिएर सोही बमोजीम सामान अन्य केन्द्रलाई पठाउने वा प्रथम पक्षको गोदाममा पठाउने यकीन गरि सामान प्राप्त गरेको मितिले पन्ध्र दिन भित्र फिर्ता पठाई सक्नुपर्ने छ । र सोही बमोजीम |

| | | |
|---|---|---|
| | | समायोजन गरिने छ तर आरोग्यकेन्द्रको लापरवाहिले म्याद सकिएको वस्तुहरुको क्षतिपुर्ति दिइने छैन् ।<br><br>घ) नेपालको पतंजलि आयुर्वेद प्रा.लि. बाट उत्पादित र अनुमोदित वस्तुहरुको म्याद सकिएको हकमा भने मात्र उक्त वस्तुहरुको वार्षिक कारोबारको खाद्यय वस्तुहरुमा ०.५०%(शुन्य दशमलव पचास प्रतिशत) र अन्य वस्तुहरुमा ०.३०%(शुन्य दशमलव तीस प्रतिशत) का दरले क्षतिपुर्ति दिइने छ। यदि कथमकदाचित आरोग्यकेन्द्रमा म्याद सकिएको वस्तुहरु भएमा त्यस्तो वस्तुहरुको विक्री वितरण गर्न नहुने र नेपाल सरकारको प्रचलित कानुन बमोजमि पालना गरि कम्पनीको नीति बमोजिम म्याद सकिएका र क्षति भएका वस्तु तथा उत्पादनलाई नष्ट गर्नुपर्ने छ । |
| १२. | **आरोग्यकेन्द्रको दायित्व** | यो सम्झौता निरन्तर रहेका बखतमा आरोग्यकेन्द्रले सधैं देहायका दायित्व बहन गर्ने छ :<br><br>क) उत्पादनको पर्याप्त उपलब्धतालाई सुनिश्चित गर्ने गरी समय समयमा उत्पादक र प्रथम पक्षले निर्दिष्ट गरेबमोजिम सबै वर्गका ग्राहकहरुलाई मालसामानको बिक्री वितरणको प्रबर्द्धन गर्न सक्रिय ढंगले प्रयत्न गर्ने ।<br><br>ख) उपयुक्तानुसार सबै उत्पादनहरुको भण्डारणलाई राम्रो व्यवस्था र अवस्थामा राख्ने र कुनै पनि विशेष खालको भण्डारण आवश्यकताहरु अवलोकन गर्ने ।<br><br>ग) आफ्नै खर्च र जोखिममा एउटा उपयुक्त कार्यालय र समुचित स्वस्थकर गोदाम र भण्डारण सुविधाहरु कायम राख्ने, र पतंजलिका उत्पादनहरुलाई राम्रो अवस्थामा उपभोक्ताहरुलाई विक्री वितरण गर्ने । आफ्नो गोदाममा भण्डारण रहेको सामानहरुको वीमा गर्ने ।<br><br>घ) प्रथम पक्षले तोकेबमोजिम बजार क्षेत्र र उपभोक्ता समक्ष पतंजलिका मालसामानहरुको विक्री वितरणको लागि जिम्मेवार हुने ।<br><br>ङ) ढुवानीकर्ताबाट मालसामान प्राप्त गर्दा कुनै पनि मात्राको अभाव, चुहावट, टुटफुट र चोरी वापत लिखित रुपमा प्रथम पक्षलाई सूचित गर्ने । ट्रान्सपोर्ट बिल्टीमा समेत अभाव, चुहावट, टुटफुट र चोरी भएको सामानको विवरण, मात्रा उल्लेख गर्नु पर्दछ । ट्रान्सपोर्ट बिल्टीमा सामान बुझिलिएको भनि हस्ताक्षर, नाम र कम्पनीको छाप समेत लगाई भरपाई गरी आफुसँग एक प्रति राखी र ट्रान्सपोर्टलाई एक प्रति बुझाउनु पर्ने छ ।<br><br>च) खरीद गरिएका मालसामानको मूल्य वापत आरोग्यकेन्द्रले बैंक प्रत्यभूति, नगद भुक्तानी, डिमाण्ड ड्राफ्टर र अनर चेक बनाइदिनु र जारी गर्नु पर्दछ ।<br><br>छ) आरोग्यकेन्द्रले बस्तु उठाउन विलम्व गरे वापत ढुवानीकर्ताको गन्तव्यमा पठाइएका मालसामान रोकिएका कारणले प्रथमपक्षले व्यहोर्ने कुनै र सबै नोक्सानी र अतिरिक्त शुल्कहरु वापत प्रथम पक्षलाई क्षतिपूर्ति दिने ।<br><br>ज) प्रथम पक्षका प्रतिनिधिहरुलाई नीजहरुले चाहेको ढंगले पूरा सहकार्य र सहयोग गर्ने, र खास गरी त्यहाँको बिक्री तथा भण्डारणका सम्बन्धमा उत्पादन |

| | | |
|---|---|---|
| | | र अभिलेखहरु निरीक्षण गर्ने उद्देश्यका लागि नीजहरुलाई व्यापारिक समय भित्रमा परिसरमा पहुँच दिने ।<br><br>झ) उत्पादक र प्रथम पक्षले पहिचान र निर्देशन गरेबमोजिम उपभोक्ताहरुलाई उचित र नियमित सेवा दिने । पुरानो भण्डारण थाँती नरहने सुनिश्चित गरेर पहिला आउने सामान पहिला जाने (First In First Out) आधारमा र यदि आलोपालो भण्डारण अभ्यासको अनुशरण गर्दै विक्री वितरण गर्ने ।<br><br>ञ) उत्पादनलाई मौलिक प्याकिङ र सोमा रहेको मौलिक लेबल सहित यसको हस्तान्तरणको क्रमानुसार बिक्री गर्ने, उक्त उत्पादनको व्यापारिक चिह्न, यन्त्रहरु, प्याकिङ, विशिष्ट वा अन्य संकेतहरुलाई नबिगार्ने र उत्पादनलाई पुनः प्याकिङ वा अन्य कुनै रुप र प्याकिङमा नबेच्ने ।<br><br>ट) आरोग्यकेन्द्रले एक्सकुलिसिभरुपमा पतंजलिका उत्पादनहरुको विक्री वितरण गर्नुपर्दछ । पतंजलिको जस्तै देखिने र उस्तै प्रकारका सामाग्रीहरु, नक्कली र अन्य गुणस्तरहीन र झुक्याउने खालका अन्य उस्तै उत्पादन(हरु)को निर्माण, खरीद, भण्डारण, बिक्री वा व्यापार नगर्ने ।<br><br>ठ) प्रथम पक्षको लिखित स्वीकृति बेगर अन्य कुनै पनि पक्षलाई यो सम्झौता हस्तान्तरण नगर्ने ।<br><br>ड) उत्पादक कम्पनी र पतंजलिका उत्पादनहरुको उत्पादनसम्बन्धी, प्राविधिक, बजारसम्बन्धी वा अन्य जानकारी वा सूचना वा यसका गतिविधिहरु, जसले उत्पादक कम्पनी र प्रथम पक्षको हित वा व्यवसायलाई बिगार्ने सम्भावना रहने हुन्छ, कुनै पनि व्यक्ति वा संघ संस्थालाई खुलासा नगर्ने वा थाहा नदिने ।<br><br>ढ) बाल श्रमिकलाई काममा नलगाउने र नियुक्त नगर्ने ।<br><br>ण) पतंजलिका उत्पादनहरुको बिक्रीका लागि सबै स्थानीय कानुनहरु, मालसामानको बिक्री उपरको करसम्बन्धी कानुनहरुको अनुपालनामा जिम्मेवार रहने र आवश्यक भएमा औषधीको अनुमतिपत्र प्राप्त गर्ने । आरोग्यकेन्द्र संचालन गर्दा लाग्ने सरकारी कर लगायतका सम्पूर्ण खर्चहरु दोश्रो पक्ष स्वयंले व्यहोर्नु पर्ने छ ।<br><br>त) व्यवसायको ठेगाना, विधानमा कुनै परिवर्तन भएमा प्रथम पक्षलाई लिखित सूचना दिनुपर्ने छ ।<br><br>थ) प्रथम पक्षको नाममा जारी भएको बैंक ग्यारेन्टीको सक्कल प्रति उपलब्ध गराउने र सुरक्षण वापतको एकाउन्ट पेई चेक र नगद धरौटी जम्माको भौचरको प्रतिलिपी प्रथम पक्षलाई सम्झौता भएको मितिले एक महिना भित्र पेश गर्ने ।<br><br>द) मार्केटिङको सन्दर्भमा प्रचार प्रसार गर्दा लाग्ने खर्च दोश्रो पक्षले व्यहोर्नु पर्ने छ । यस्तो प्रचार प्रसार खर्च दान, चन्दा उपहार वा शुल्कको रुपमा अन्य ब्यक्ति वा संस्थाबाट लिन पाइने छैन । दोश्रो पक्षले संचालन गर्ने आरोग्यकेन्द्रमा योग वा कुनै सेवा शुल्क वा अन्य प्रत्यक्ष वा अप्रत्यक्ष रुपबाट कुनै रकम लिन पाउने छैन । |

| | | |
|---|---|---|
| १३. | **सम्झौताको समाप्ति** | १. देहायकामध्ये कुनै एक वा धेरै घटना भएको खण्डमा कुनै पनि सूचना र क्षतिपूर्ति विनै प्रथम पक्षले तत्काल आफ्नो स्वविवेकमा यो सम्झौता समाप्त गर्न सक्ने छ<br>**आरोग्यकेन्द्रले यसको कुनै शर्त तथा बन्देजको उल्लंघन गर्दछ, जब :**<br>क) आरोग्यकेन्द्रले उत्पादक कम्पनी र प्रथम पक्षको हित विपरीत हुने तवरले कार्य गर्दछ ।<br><br>ख) आरोग्यकेन्द्रले उत्पादनको समतामूलक र बृहत् खुद्राबिक्री गर्न सक्दैन, र तसर्थ प्रथम पक्षले कार्यसम्पादन सन्तोषजनक नभएको ठहर गर्दछ (जसको राय अन्तिम हुन्छ) ।<br><br>ग) प्रथम पक्षले उठाएको बिल वापतको चेक फिर्ता भएको वा वर्षको ३ पटकभन्दा बढी भुक्तानी दिनुपर्ने मितिबाट १५ दिनभन्दा बढी समय आरोग्यकेन्द्रले भुक्तानी नगरेको खण्डमा ।<br><br>घ) यो सम्झौताका शर्तहरुको अनुपालना गर्न आरोग्यकेन्द्र असक्षम भएको भन्ने खण्डमा प्रथम पक्षको राय (जसको राय अन्तिम हुने छ) ।<br><br>ङ) एकल मालिकको मृत्यु भएको खण्डमा (प्रोप्राइटरशीप फर्मको हकमा) प्रथम पक्षको राय (जसको राय अन्तिम हुने छ) ।<br><br>च) आरोग्यकेन्द्र साझेदारी फर्म रहेको फर्मको विधानको कुनै परिवर्तन, स्पष्ट हेरफेर, विघटन आदि भएको वा प्रथम पक्षको लिखित सहमति विना तोकिएको क्षेत्र भन्दा बाहिर खुद्रा तथा थोक व्यापारको आयोजना वा व्यवस्थापनलाई अन्यथा परिवर्तन गरिएको खण्डमा । पुनर्नियुक्ति उपर विचार गर्न प्रथम पक्षको राय (जसको राय अन्तिम हुने छ) ।<br><br>छ) यो सम्झौताका शर्तहरुको उल्लंघन गरेको वा यो सम्झौताका सम्बन्धमा प्रथम पक्षमाथि जालसाजी गरेको खण्डमा ।<br><br>ज) प्रतिस्पर्धीको उत्पादनको बिक्री वितरणमा आरोग्यकेन्द्र संलग्न हुने छैन । प्रतिस्पर्धीको उत्पादनको काम र वितरणमा संलग्न भएको देखिएमा करार उल्लंघन भएको मानिने छ ।<br><br>झ) सरकारी निकाय वा कानुनी अदालतबाट आरोग्यकेन्द्र उपर कुनै कारबाही भएको, कालोसूचीमा परेको वा दण्डित भएको खण्डमा प्रथम पक्षले सम्झौताअनुसार काम गर्न बाध्य हुने छैन र करार समाप्त गर्ने अधिकार सुरक्षित राख्ने छ ।<br><br>२. प्रथम पक्षले आरोग्यकेन्द्रलाई एक महिनाको सूचना दिई कुनै कारण विना आफ्नै स्वविवेकले समेत यो सम्झौता समाप्त गर्न सक्ने छ । |
| १४. | **समाप्ति-परिणामहरु** | क) आरोग्यकेन्द्रले सबै निर्देशन पुस्तिका, क्याटलग, विज्ञापन वा अन्य प्रबर्द्धनात्मक सामग्री, विशिष्टीकरण, प्याकिङ र अन्य भौतिक कागजात, स्टेशनरी र कागजपत्रहरु प्रथम पक्षलाई फिर्ता दिने छ ।<br><br>ख) यो सम्झौताको समाप्तिसँगै आरोग्यकेन्द्रको रुपमा आफ्नो नियुक्तिको अन्त्य भए वापत आरोग्यकेन्द्रलाई कुनै पनि क्षतिपूर्तिको अधिकार हुने छैन । तर यदि |

| | | |
|---|---|---|
| | | आरोग्यकेन्द्रले चाहेमा आफु सँग रहेको प्रशस्त उपभोग मिति भएको र विक्रीयोग्य सामानहरु भने प्रथम पक्षलाई फिर्ता गरेर हिसाब मिलान गर्न सक्ने छ । |
| **१५.** | **प्रथम पक्षको संरक्षित अधिकार** | क) उत्पादक कम्पनीसँग समन्वय गरेर एक वा एकभन्दा बढी आरोग्यकेन्द्रहरुको सिफारिस र नियुक्त गर्ने वा आरोग्यकेन्द्रलाई कुनै क्षतिपूर्ति भुक्तानी नदिईकन कुनै पनि शहर/बजार/क्षेत्र/जिल्ल/प्रदेशमा पतंजलिका उत्पादनको बिक्रीका लागि कुनै पक्षसँग वितरण व्यवसायमा संलग्न हुने छ ।, आरोग्यकेन्द्रलाई प्रथम पक्षले उपरोक्त कदमको विरोध गर्ने अधिकार हुने छैन ।<br><br>ख) प्रथम पक्षले समयसमयमा तयार गरेका नीतिहरुसँग मेल नखाने गरी प्रथम पक्ष समक्ष पेश गरिएका मागदावीलाई अस्वीकार गर्ने । यो सम्बन्धमा प्रथम पक्षको निर्णय अन्तिम र आरोग्यकेन्द्रलाई बाध्यकारी हुने छ ।<br><br>ग) काबु बाहिर बाहेकका कुनै पनि दावी अस्वीकार गर्ने, यदि कुनै असफलता वा विलम्व काबु बाहिरको परिस्थितिको परिणामले, ईश्वरको कर्तुत, सरकारको आदेश, प्रतिबन्ध वा नियमन, युद्ध, यद्ध जस्तो अवस्था, आक्रमण, उपद्रव, नागरिक आन्दोलन, बन्दाबन्दी, हड्ताल, आगलागी, बाढी, भूकम्प, आँधीहुरी, महामारी, कच्चा पदार्थको श्रोतको अभाव, श्रमिक वा विद्युत् अभाव, प्लान्ट वा मेसिनरी बिग्रेभत्केको  कारणले वा करारका पक्षहरुको नियन्त्रण बाहिरका जुनसुकै प्रकृतिका अन्य कुनै कारण वा परिस्थितिको कारणले भएको खण्डमा यसमा रहेका आफ्ना दायित्वहरुमध्ये कुनै सम्पादन गर्न नसके वापत करारका पक्षहरु जिम्मेवार हुने छैनन्, वा यस सम्बन्धमा प्रथम पक्षको निर्णय अन्तिम हुने छ । |
| **१६.** | **काबु बाहिरका परिस्थिति** | नियन्त्रण बाहिरका अवस्थाबाट उत्पन्न भएका अनपेक्षित परिस्थितिहरु अन्तर्गत ईश्वरको कर्तुत, सरकारी प्रतिबन्ध (कुनै अनुमतिपत्र इन्कार वा रद्द गर्ने लगायत), घोषित वा अघोषित युद्धहरु, विद्रोह, सार्वजनिक अव्यवस्था, विप्लव वा लुकिछिपी आक्रमण, बाढी, उपद्रव, नागरिक आन्दोलन, महामारी, दुर्घटना, आगलागी, भूकम्प लगायत तर सोमा मात्र सीमित नरहने वा माथि किटानीका नाम लिइएका वर्ग वा प्रकारबाट भए पनि वा नभए पनि र प्रभावित पक्षहरुको नियन्त्रणभित्र नरहने अन्य कुनै कारण जसलाई मनासिव मिहिनेतको अभ्यासबाट प्रथम र दोश्रो पक्षले रोक्न असमर्थ भएकोमा, यदि यस्ता कुनै घटना हुनुभन्दा सात दिन अगावै सूचना दिइएको खण्डमा यो सम्झौता निलम्वित रहन्छ । यदि यी परिस्थितिहरु एक महिनाभन्दा बढी अवधिसम्म जारी रहेको खण्डमा कुनै पनि पक्षले यो सम्झौता समाप्त गर्न सक्ने छ । |
| **१७.** | **नियन्त्रण गर्ने कानुन** | यो सम्झौतालाई नेपाल कानुनले नियन्त्रण गर्ने र सोहीअनुसार व्याख्या गरिने छ र कुनै कानुनी प्रक्रिया मा गई मुद्दा मामीलामा जान परेमा काठमाण्डौ, नेपालको अदालतको विशिष्ट क्षेत्राधिकार अन्तर्गत रहने छ । |
| **१८.** | **विवाद समाधान संयन्त्र** | क) यो सम्झौताले आरोग्यकेन्द्रका बीचका पहिलाका सबै पत्र, लिखित वा मौखिक, व्यक्त वा अव्यक्त सम्झौता, दायित्व, प्रबन्धहरुलाई विस्थापन गर्दछ । व्यापारका सबै शर्त तथा बन्देजहरु माथि तोकिए बमोजिम नियन्त्रित  हुनेछन् । यसलाई कुनै थप संशोधन, यसमा हेरफेर, यसको परिवर्तन कुनै मौखिक सम्झौता वा समझदारीबाट नभई लिखित कागजातबाट हुनेछ । |

| | | |
|---|---|---|
| | | ख) सौहार्द्रपूर्ण ढंगले समाधान गर्न नसकिने मालसामानको आपूर्तिको प्रश्न, बक्यौता भुक्तानीको प्रश्न, कुनै पक्षको दावीको प्रश्न, र यो सम्झौतालाई छुने अन्य कुनै प्रश्नहरु लगायत यस सम्झौतासँग जोडिएका वा यसमा सम्बन्धित कुनै पनि विषयसँग सम्बन्धित जुनसुकै प्रकृतिका सबै विवादहरु, अन्तरविरोधहरु, असहमतिहरुलाई समाधान गर्न दुबै पक्षहरुबाट आपसी रुपले नियुक्त गरिने एकल मध्यस्थकर्ता समक्ष प्रेषित गरिने छ। नेपालको मध्यस्थता ऐन, २०५५ वा यसका कुनै संशोधन वा त्यसको पुनः कार्यान्वयनका व्यवस्थाहरु अन्तर्गत मध्यस्थता सञ्चालन हुने छ। निर्णय गर्नका लागि समय बढाउन, आफ्नो शुल्क तोक्न र त्यसको भुक्तानी दिने दायित्व भएका पक्षहरु निर्धारण गर्न खडा हुन मध्यस्थसँग अधिकार हुने छ। मध्यस्थता स्थल काठमाडौं, नेपाल हुने छ।<br><br>ग) यो नियुक्ति र सम्झौता काठमाडौं, नेपालमा भएको र भएको ठानिने छ, र यो सम्झौता वा यसमा रहेका कुनै विषय वा कुरा वा कुनै पक्षले गरेको अर्को पक्ष विरुद्धको कुनै दावी वा कारबाहीबाट उत्पन्न कुनै विवादलाई एकल मध्यस्थ वा पुनरावेदन अदालतबाट माथिको दफा १७ अनुसार निर्णय र फैसला गरिने छ, र यसको प्रयोजनार्थ काठमाडौं, नेपालको अदालतसँग मात्र क्षेत्राधिकार हुने छ। |

| **प्रथम पक्षः** | **दोश्रो पक्षः** |
|---|---|
| **फर्म/कम्पनीः पतंजलि आयुर्वेद केन्द्र प्रा.लि.**<br>ठेगानाः स्वयम्भु, काठमाण्डौ, नेपाल। | **फर्म/कम्पनी : .........................................**<br>ठेगानाः ............................................ |
| हस्ताक्षर :<br>नाम :<br>पद :<br>मिति :<br>सम्पर्क नं. : ०१–५२४७३०१/५२४७३०२<br>मोबाईल नं.:<br>इमेल ठेगाना :<br><br>कम्पनीको छाप : | हस्ताक्षर :<br>नाम :<br>पद :<br>मिति :<br>सम्पर्क नं. :<br>मोबाईल नं. :<br>इमेल ठेगाना :<br><br>कम्पनीको छाप : |

**<u>साक्षीहरु :</u>**

१. .............जिल्ला.........................न.पा./गा.पा.....नं.वडा .............टोल बस्ने वर्ष ....को .....

२. .............जिल्ला.........................न.पा./गा.पा.....नं.वडा .............टोल बस्ने वर्ष ....को .....

**ईतिसंबत् २०.........साल....................महिना.........गते.......रोज शुभम् ............................**